# औरही गाउँपालिका

## गाँउ कार्यपालिकाको कार्यालय, औरही

औरही, सिरहा

प्रदेश नं. २, नेपाल

पत्र संख्या :- २०७८/०७९

चलानी नम्बर :- १६९

मितिः- २०७८/०५/१६

श्री सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयहरु (सबै)
औरही गाउँपालिका ।

बिषय : सञ्चालन सम्बन्धमा ।

प्रस्तुत बिषय कोभिड १९ को महामारीको अवस्थाले अवरुद्ध रहेको विद्यालयको नियमित पठनपाठन सुचारु गर्न यस गाउँपालिका अन्तर्गत गाउँपालिका शिक्षा समितिको मिति २०७८/०५/१५ गतेको निर्णय अनुसार विद्यालय सञ्चालन गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय भएको हुदाँ प्र.अ. हरुले आ-आफ्ना विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई अनिवार्य विद्यालय समय भित्र विद्यालयमा नियमित उपस्थित गराई तपसिल बमोजिम कक्षा सञ्चालन गर्नु/गराउनु तथा शिक्षाण सिकाई सहजिकरणको प्रभावरिता सम्बन्धी प्रतिवेदन आवश्यकता अनुसार यस गा.पा. मा बुझाउनु हुन अनुरेध छ ।

**देहाय :**

नियर्ण १ (क), प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिका भित्र सामुदायिक, धार्मिक र संस्थागत विद्यालयहरुले "कोभिड-१९" को सन्दर्भमा "विद्यालय सञ्चालन सम्बन्धी कार्यविधि २०७७" बमोजिम स्वास्थ्यका सम्पूर्ण मापदण्डहरु पुरा गरी मिति २०७८/०५/१७ गते विहिवार बाट कक्षा ६ देखि १२ सम्म भैतिक उपस्थितीमा कक्षा सञ्चालन गर्ने निर्णय पारित गरियो ।

निर्णय १ (ख), प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिका भित्रका सामुदायिक, धार्मिक र संस्थागत विद्यालयहरुले "कोभिड-१९" को सन्दर्भमा "विद्यालय सञ्चालन सम्बन्धी कार्यविधि २०७७" बमोजिम स्वास्थ्यका सम्पूर्ण मापदण्डहरु पुरा गरी कक्षा ० देखि ५ सम्म विद्यालय व्यवस्थापन समिति वा विद्यालय व्यवस्थापन समिति नभएमा शिक्षक कर्मचारीको निर्णय अनुसार वैकल्पिक/भौतिक उपस्थितीमा कक्षा सञ्चालन गर्ने निर्णय पारित गरियो ।

तपसिल

**माध्यमिक तह कक्षा (९-१२ र आधारभुत तह कक्षा ६-८) :**

- विद्यार्थी शिक्षण सिकाई सहजिकरण निर्देशिका, २०७७ को दफा ३३ को उपदफा (२) र दफा ११ बमोजिम प्रत्यक्ष शिक्षण शिकाई क्रियाकलाप सञ्चालन गर्ने,
- सिकाई क्रियाकलाप वा कक्षा सञ्चालन गर्दा निर्देशिकाको दफा ३२ लगायत देहाय बमोजिमको मापदण्ड पालना गर्ने
  - विद्यालय परिसर तथा कक्षा कोठाहरु नियमित रुपमा सेनिटाइज गर्ने,
  - विद्यालय प्रवेश द्वारमा स्यानिटाइजरको व्यवस्था गरि अनिवार्य प्रयोग गर्ने,

प्रमुख प्रशासकीय अधिकृत

सिद्धार्थ यादव
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

- विद्यालय परिसरको विभिन्न ठाउँहरुमा साबुन पानी सहितको पर्याप्त हातधुने व्यवस्था मिलाउने,
- अनिवार्य रुपमा सामाजिक/भौतिक दुरी कायम गर्ने र माक्सको प्रयोग गर्ने,
- विद्यालय प्रवेश गर्नु पूर्व विद्यार्थी तथा शिक्षक कर्मचारीहरु र अन्य व्यक्तिहरुको ज्वरोको नापजाचँ गरि ज्वरो भएका व्यक्तिहरुलाई विद्यालयमा प्रवेश निषेध गर्ने,
- सवारी साधनमा सिट क्षमता वा प्रत्येक सिटमा १ जना भन्दा बढी विद्यार्थी नराख्ने,
- एक डेक्स/बेन्चमा बढीमा २ जना विद्यार्थी मात्र बस्ने व्यवस्था मिलाउने ,

➢ विद्यार्थी केन्द्रीत शिक्षण विधिको प्रयोग गर्ने,
➢ कक्षाहरुको सेक्सन विभाजन गरि बहुकक्षा शिक्षण विधि प्रयोग गर्न सकिने,
➢ आवश्यकता अनुसार २ सिफ्टमा कक्षा सञ्चालन गर्न सकिने,
➢ शुक्रवार पुरा कक्षा सञ्चालन गर्ने,

**आधारभुत तह कक्षा (१-५) :**

➢ विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका, २०७७ को दफा ३ बमोजिम विद्यार्थी पहिचान, अभिलेखिकरण तथा वर्गीकरण गर्ने,
➢ विद्यालयले विद्यार्थी शिकाई सहजिकरण निर्देशिका, २०७७ को दफा ५ बमोजिम समुहगत सिकाइ कार्यक्रम सञ्चालन गर्ने,
➢ विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका, २०७७ को दफा ८ बमोजिम उपलब्ध सामग्रीहरुको प्रयोग गर्ने,
➢ विद्यालय तथा शिक्षकहरुले विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका, २०७७ को दफा ११ बमोजिमको विद्यार्थी केन्द्रीत शिक्षण विधि, दफा १२ बमोजिम प्रयोगात्मक तथा परियोजना कार्य, दफा १३ बमोजिम शिकाइको मुल्याङ्कन, अभिलेखिकरण, नतिजा प्रकाशन र प्रमाणिकरण कार्य सञ्चालन गर्ने,
➢ विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका, २०७७ को दफा २२ र २३ बमोजिम वि. व्य. समिति तथा विद्यालय र शिक्षकले आ-आफ्नो भुमिका निर्वाह गर्ने,
➢ अर्को निर्णय भए सम्मको लागि विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका, २०७७ को दफा ३३ को उप दफा (१) बमोजिम दुर तथा खुला शिक्षा लगायतका पद्धति सञ्चालन गर्ने,

**प्रारम्भिक उमेर समुह :**

विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका, २०७७ को दफा ७ बमोजिम गर्ने ।

.............................
रमेश नारायण शर्मा
नि.प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत

सिद्धार्थ यादव
गाउँपालिका अध्यक्ष
सिद्धार्थ यादव
गाउँपालिका अध्यक्ष

बोधार्थ :
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुर ।
श्री जिल्ला प्रशासन कार्यालय, सिरहा ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, सिरहा ।
श्री प्रहरी चौकी, औरही ।
श्री प्रहरी चौकी, हरकट्टी ।

Scanned with CamScanner